प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मितिः२०७८/०७/१२

# लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरुको आचार संहिता,२०७८

**प्रस्तावना**ः लुम्बिनी प्रदेशलाई विकसित प्रदेशको रुपमा स्थापित गर्ने, "**समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश**" नारालाई साकार पार्न, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनयुक्त प्रदेश बनाउने, संविधान कार्यान्वयनमा सक्रिय पहल गर्ने, दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिमा लगनशिल भई शासन प्रणालीलाई सहभागितामूलक बनाउने, देश र जनताको हित र सेवामा निरन्तर सक्रिय रहने उद्देश्य पूर्ति गर्न,

प्रदेश सुशासन ऐन,२०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो आचार संहिता जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१)यो संहिताको नाम "लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरुको आचार संहिता,२०७८" रहेको छ।

(२) यो आचार संहिता प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(१) "प्रदेश" सरकार भन्नाले लुम्बिनी प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(२) "मन्त्री" भन्नाले प्रदेश सरकारका मुख्यमन्त्री वा मन्त्री वा राज्यमन्त्री सम्झनु पर्दछ ।

(३) "परिवार" भन्नाले मुख्यमन्त्री वा मन्त्री वा राज्यमन्त्रीका बाबु, आमा, पति वा पत्नी, छोरा, छोरीलाई सम्झनु पर्दछ ।

३. **आचार संहिता लागु हुने**ः यो आचार संहिता लुम्बिनी प्रदेशका मन्त्रीलाई लागु हुनेछ ।

मुख्यमन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

४. मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिताहरुः

मुख्यमन्त्री

(१) प्रदेश सरकारका मन्त्रीहरु प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा क्रियाशिल रही मुख्यमन्त्रीसँग भएको कार्यसम्पादन करारको कार्यान्वयनमा केन्द्रित रहने तथा त्रैमासिक प्रतिवेदन पेश गर्ने ।

(२) नेपालको संविधान तथा अन्य प्रचलित कानूनमा उल्लेखित जिम्मेवारीका साथै आफूले सम्हालेका मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय लगायत अन्य कार्य समयमा नै सम्पादन गर्नु, गराउनुपर्ने ।

(३)मन्त्री पदमा नियुक्त हुँदाका वखत लिएको सपथको मर्म र भावना अनुसार देश र जनता प्रति उत्तरदायी रही कार्य सम्पादन गर्नुपर्ने । संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा प्रदेशको आर्थिक समाजिक रुपान्तरणको मूल अभिभारा पूरा गर्न अग्रसर रहने ।

(४) सरकार संचालनका सम्बन्धमा मुख्यमन्त्रीको निर्देशनलाई पूर्ण पालना गर्नुपर्ने र मुख्यमन्त्रीलाई सहयोग गर्नुपर्ने। मन्त्रीहरु आफ्नो मन्त्रालयको काममा व्यक्तिगत रुपमा मुख्यमन्त्री र प्रदेशसभा प्रति उत्तरदायी हुने संवैधानिक व्यवस्थालाई अक्षरशः पालना गर्नुपर्ने ।

(५) कुनै प्रलोभन एवं दबाबमा नपरी आफ्नो पदीय जिम्मेवारी निष्ठा र इमान्दारिताका साथ पूरा गर्नुपर्ने । कानूनबमोजिम बाहेक कुनै पनि अनुचित र गैरकानूनी सुविधा लिन नहुने ।

(६) सार्वजनिक पद धारणा गरेको पदाधिकारीले पद बहाली गरेको ६०(साठी) दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सार्वजनिक गर्ने । पदमुक्त भएपछि पनि कानूनबमोजिम सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने ।

(७) मन्त्रीहरुले नियुक्तीका लागि सिफारिस गर्दा सबै प्रक्रिया पुऱ्याई आवश्यक कागजात संलग्न राखी सम्बन्धित विषयविज्ञहरु मध्येबाट नै प्रस्ताव गर्नुपर्ने । साथै नियुक्ति गर्नुपर्दा भेदभाव र पूर्वाग्रहलाई प्रश्रय दिन नहुने र समावेशी रुपमा नियुक्त गर्नुपर्ने ।

मुख्यमन्त्री

मुख्यमन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
मुकाम बुटवल, नेपाल

(८) प्रदेश भित्र र वाहिर भ्रमण गर्नु परेमा मुख्यमन्त्रीको स्वीकृत लिएर मात्र गर्ने । भ्रमण किफायती र आर्थिक रुपमा मितव्ययी तरिकाले गर्नुपर्ने ।

(९) मन्त्रिपरिषद् बैठकमा प्रस्ताव प्रस्तुत भई मुख्यमन्त्रीबाट अन्तिम निर्णय भई सकेपछि पुनः उक्त विषयमा छलफल गर्न नहुने ।

(१०) सबै मन्त्रालयले प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७८ को दायरा भित्र रही आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियमावली, कार्यविधिबाट कार्य सम्पन्न गर्ने ।

(११) मन्त्रीहरुले मन्त्रिपरिषद् बैठकमा आफ्नो मन्त्रालय र अन्तर सम्बन्धित प्रस्तावको अग्रिम स्वीकृत गराई शिष्ट र सभ्य शैलीमा आफ्नो धारणा राख्नुपर्नेछ । बैठकमा मर्यादाक्रम अनुसार आसन ग्रहण गर्नुपर्ने । मन्त्रिपरिषद् बैठकमा अनावश्यक वादविवाद र विषय भन्दा वाहिर गई छलफल गर्न नहुने ।

(१२) संयुक्त सरकार र गठबन्धनको संस्कृति अनुरुप आपसी संवाद, सहमति र सहकार्यमार्फत लोकतान्त्रिक मूल्य मान्यता अनुरुप कार्य सम्पादन गर्ने ।

(१३) सार्वजनिक स्रोत र साधनको दुरुपयोग गर्न नहुने । आर्थिक अनुशासन, खर्चमा मितव्ययिता, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्ध्दनमा विशेष जोड दिनुपर्ने ।

(१४) लुम्बिनी प्रदेशलाई समृध्द, समुन्नत, गतिशिल र न्यायपूर्ण बनाउदै हरेक क्षेत्रमा उत्कृष्ट उदाहरणीय र नमूना प्रदेश बनाउन हरतरहले सहयोग गर्नुपर्ने र यस कार्यका लागि हुने मन्त्रालय बीचको आन्तरिक प्रतिस्पर्धालाई सकारात्मक रुपमा ग्रहण गर्ने ।

(१५) सुशासन र विकास मार्फत "**समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश**" निर्माणको यात्रामा समर्पित रहनुपर्ने ।

(१६) प्रदेश सरकारबाट स्वीकृति नलिई प्रदेश सरकारको तर्फबाट कुनै पनि अनाधिकृत प्रतिवध्दता गर्न नहुने ।

(१७) प्रदेश सरकारका निर्णयहरु प्रवक्तामार्फत मात्र सार्वजनिक गर्नुपर्ने कुरालाई ध्यान दिई आफू खुसि सार्वजनिक नगर्ने ।

मुख्यमन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

मुख्यमन्त्री

(१८) मन्त्रीहरुले कार्यस्थलमा हुने महिला हिंसा, सामाजिक विभेद तथा अन्य अनैतिक आचरण प्रति शुन्यसहनशीलता अपनाउने ।

(१९) मन्त्रीहरुले आफू मातहतका कर्मचारीहरुको सरुवाको लागि सरुवा मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

५. **आचार संहिताको अनुगमनः** यो आचार संहिताको पालना सम्बन्धी अनुगमन मुख्यमन्त्रीबाट हुनेछ।

६. **विविधः**

(१) यस आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भए प्रदेश सरकारले स्पष्ट पारेबमोजिम हुनेछ ।

(२) यस आचार संहिता पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै बाधा अडकाउ परेमा मुख्यमन्त्रीबाट आवश्यक निर्णय गरेबमोजिम हुनेछ ।

(३) प्रदेश सरकारसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बद्ध सरोकारवाला र अन्य व्यक्तिहरुले पनि यस आचार संहिता पालना गर्नुका साथै पालना गर्न सहयोग गर्नु पर्नेछ ।

(४) प्रदेश सरकारले आवश्यक्ता अनुसार यस आचार संहिता परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

मुख्यमन्त्री